# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**केराबारी, मोरङ**

पत्र संख्या : प्रशासन ०७७/०७८
चलानी नं.:

१ नं. प्रदेश, नेपाल

मिति: २०७८/०२/१७

**केराबारी गाउँपालिकको अत्यन्त जरुरी सूचना ।**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को संङ्क्रमणको दोस्रो लहर दिन प्रतिदिन बढ्दै गइरहेको हुँदा केराबारी गाउँपालिका कोरोना संवन्धि पुर्वतयारी तथा प्रतिकार्य समन्वय समितिको सुझावसहित गाउँ कार्यपालिकाको वैठकले गरेको निर्णयलाइ निरन्तरता दिन आवश्यक देखिएकोले **नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रणका** लागि **मिति २०७८/०२/१८ गते देखि २४ गतेसम्म** तपसिल बमोजिम गर्ने गराउने व्यवस्था मिलाउन सम्वन्धित सवैमा अनुरोध छ ।

**तपसिल**

**गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको हकमा ।**

- संक्रमितको संख्या बढीरहेकोले कर्मचारी, जनप्रतिनिधिहरु साथै सेवाग्राही समेत जोखिममा परी संक्रमण फैलन सक्ने वर्तमान अवस्थामा कार्यालय संचालन गरि रहदा संक्रमण फैलिई भयानक स्थिति आउने अवस्था भएको हुदा यस कार्यालय तथा १० वटै वडा कार्यालयहरुवाट संचालन हुने अत्यावश्यकीय सेवा (**स्वास्थ्य सेवा, फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा, दमकल सेवा, सव-वाहान सेवा**) वाहेक अन्य सेवाहरु मिति २०७८।०२।१७ सम्म बन्द रहने भनिएकोमा संक्रमणको दर वढिरहेकोले सो समयावधि लम्ब्याएर मिति २०७८।०२।२४ गते सम्म पुर्याइएको छ। यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति गाउँपालिका क्षमा याचना गर्दछ ।

**बजार, पसल, होटल, संघ संस्था, सांस्कृतिक गतिविधि साथै सभा सम्मेलनको हकमा ।**

- केराबारी गाउँपालिका क्षेत्र भित्र मङ्गलवारे हाटबजार लगायत सम्पुर्ण हाटवजार अनिवार्य रुपमा वन्द गर्ने/ गराउने ।
- यस केरावारी गाउँपालिका भित्र मठ, मन्दिर, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पुर्ण पालना गरी पुजारीवाट मात्र नित्यपूजा, ध्यान र प्रार्थना गर्ने / गराउने ।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान सन्चालन गर्नु परे प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई गर्नुपर्ने साथै मलामी जादा २५ जना भन्दा वढि नहुने गरि स्वास्थ्य सुरक्षाका मापदन्ड पुरा गरेर मात्र जाने ।
- विद्यालय, कलेज, ट्युशन सेन्टर, तालिम केन्द्रमा भौतिक रूपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका विधिहरू अपनाई गतिविधि सञ्चालन गर्ने/ गराउने ।

रोहित बहादुर कार्की
अध्यक्ष

- सिनेमा हल, पार्टी प्यालेस, पुल हाउस, डान्सबार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना,स्वीमिङ पुल, फुटसल, सभा, आम सभा, जुलुस, हाटवजार, रंगशालामा हुने दर्शकसहितको खेलकुद र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम बन्द गर्ने / गराउने ।
- केरावारी गाउँपालिका क्षेत्रभित्रका खाद्यान्न तथा तरकारी पसलहरु स्वास्थ्य सुरक्षाका मापदन्ड अपनाइ विहान ८ वजेसम्ममात्र खुल्ला गर्ने/ गराउने, अन्य पसल तथा व्यवसायहरु अनिवार्य रुपमा बन्द गर्ने/गराउने ।
- लघुवित्त/ सहकारी संस्था/ गैह सरकारी संस्थाहरुले सामुहिक भेला गरि गर्ने कामहरु वन्द गर्ने / गराउने ।
- अत्यावश्यक नपरी घर वाहिर ननिस्कने र निस्किनु परेमा अनिवार्य रुपमा मास्क प्रयोग गर्ने ।
- माथि उल्लिखित मापदन्ड पालना नगरेमा संक्रामक रोग ऐन -२०२०, अन्तर्गत जरिवाना/ कारवाही हुनेछ ।
- यो सूचना २०७८/०२/१८ गते देखि २०७८/०२/२४ गते सम्मका लागि लागु हुनेछ ।

रोहित वहादुर कार्की
अध्यक्ष

रोहित बहादुर कार्की
अध्यक्ष